# धनकुटा क्याम्पस बुलेटिन

# Dhankuta Campus Bulletin

## धनकुटा बहुमुखी क्याम्पस, धनकुटा

वर्ष ०२ | २०८२ कात्तिक - चैत्र | अङ्क ०६








*धनकुटा बहुमुखी क्याम्पसमा निर्माण गरिएको बहुतले कक्षाकोठा भवनको उद्घाटन गर्नुहुँदै त्रि.वि. उपकुलपति प्रा.डा. दिपक अर्याल, क्याम्पस प्रमुख सहप्राध्यापक होम बहादुर बस्तेत र अन्य सहभागिहरू।*

## बहुतले भवन उद्घाटन

ध.ब.क्या. मंसिर २ गते।

धनकुटा बहुमुखी क्याम्पसमा नवनिर्मित बहुतले कक्षाकोठा भवनको उद्‌घाटन त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक अर्यालबाट एक विशेष समारोहका बीच सम्पन्न भयो। समारोहलाई सम्बोधन गर्नुहुँदै उपकुलपति अर्यालले धनकुटा क्याम्पसका समस्या त्रिभुवन विश्वविद्यालयकै सामूहिक समस्या भएको उल्लेख गर्नुहुँदै समस्या समाधानका लागि त्रि.वि. प्रतिबद्ध रहेको बताउनुभयो। यस कार्यक्रममा उपकुलपतिको टोलीमा संलग्न हुनुभएका त्रि.वि.का प्राध्यापक भोजराज अर्याल, पूर्व सचिव लक्ष्मण अर्याल, त्रि.वि. पूर्व प्रशासक सूर्य अधिकारी, उपकुलपति कार्यालयका शाखा अधिकृत राजमान महर्जन, त्रि.वि. शाखा अधिकृत छलिसरा मगर, योजना लम्साल सहित यस क्याम्पसका विभिन्न समिति, विभागका प्रमुख, प्राध्यापक, कर्मचारी, स्ववियु प्रतिनिधि र विद्यार्थीहरूको उपस्थिति रहेको थियो। यस कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका सदस्य एवम् भवन निर्माण अनुगमन समितिका संयोजक पूर्व सांसद गोपाल गुरागाईँले मापदण्ड अनुरुप निर्माणकार्य भएको जानकारी गराउनु भयो। त्रि.वि. प्राध्यापक संघ, क्याम्पस एकाई समिति, धनकुटा बहुमुखी क्याम्पसका सभापति उपप्राध्यापक शेषराज अधिकारीले प्राध्यापकको पेशागत विकासका अवसर र क्याम्पसका चुनौतीहरूबारे धारणा राख्नुभयो। सोही कार्यक्रममा स्ववियु अध्यक्ष युवा तिम्सिनाले विद्यार्थीका तर्फबाट मागपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रमको अध्यक्षता गर्नुभएका क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले नवनिर्वित भवनको लागत प्रस्तुत गर्नुभयो। क्याम्पस प्रमुखका अनुसार भवन निर्माणको कुल लागत अनुमान ६ करोड ४७ लाख १३ हजार ७३२ रुपैयाँ, भेरिएसन २५ लाख ९५ हजार ६४४.७१ रुपैयाँसहित कुल खर्च ५ करोड ८२ लाख ३१ हजार ५८७.३६ रुपैयाँको लागतमा भवन निर्माण भएको जानकारी दिनुभयो साथै क्याम्पस प्रमुखले त्रि.वि. का पूर्व तथा वर्तमान पदाधिकारीहरूप्रति विशेष आभार तथा नगरपालिकाको प्राविधिक इन्जिनियर मिङ्मा दोर्जी शेर्पा, अभिभावक, विद्यार्थी तथा निर्माण कार्य सम्पन्न गर्ने ब्राइटबुल निर्माण सेवा कम्पनी धरान प्रति समेत धन्यवाद व्यक्त गर्नु भएको थियो। कार्यक्रम समापन पश्चात् उपकुलपतिबाट क्याम्पसको भौतिक संरचना तथा प्रयोगशालाहरूको समेत अवलोकन गर्नु भएको थियो।

## संयुक्त बैठक सम्पन्न

धःब.क्या., मङ्सिर ४ गते ।

धनकुटा बहुमुखी क्याम्पस अन्तर्गतका विभिन्न विभागहरूको विभागीय प्रमुख, सहायक क्याम्पस प्रमुख, विद्यार्थी कल्याण प्रमुख र क्याम्पस प्रमुखसहितको संयुक्त बैठक सम्पन्न भएको छ । क्याम्पसको शैक्षिक गुणस्तर सुधार र पठनपाठनको समिक्षामा गर्ने उद्देश्यका साथ सम्पन्न उक्त बैठकमा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्तेत, शिक्षा, मानविकी तथा सामाजिकशास्त्र संङ्काय र विज्ञान तर्फका सहायक क्याम्पस प्रमुखहरू क्रमश: उपप्राध्यापक डा. श्यामप्रसाद वाग्ले, उपप्राध्यापक कृष्णगोविन्द अधिकारी, उपप्राध्यापक हर्कराज तेम्बेका साथै विद्यार्थी कल्याण प्रमुख उपप्राध्यापक काशीनाथ कट्टेल, अंग्रजी विभागका प्रमुख सहप्राध्यापक सञ्जिव कुमार सिंह, अर्थशास्त्र तथा ग्राणिम विकास विभागका प्रमुख उपप्राध्यापक दिनेश अधिकारी, नेपाली विभागका प्रमुख उपप्राध्यापक डा. यज्ञ प्रसाद गुरागाईँ, भूगोल र राजनीतिशास्त्र विभागका प्रमुख उपप्राध्यापक जनार्दन घिमिरे, स्वास्थ्य, शारीरिक तथा जनसङख्या शिक्षा विभागका प्रमुख उपप्राध्यापक सन्तनु पोख्रेल, विज्ञान विभागका प्रमुख उपप्राध्यापक ज्ञानेन्द्र यादव, गणित विभागका प्रमुख उपप्राध्यापक सुन्दर श्रेष्ठ, व्यवस्थापन सङ्कायका संयोजक शि.स. सोम प्रसाद भण्डारी एवम् BBA कार्यक्रमका निर्देशक शि.स. सन्तोष श्रेष्ठ, शिक्षा शिक्षण विभागका प्रमुख उपप्राध्यापक रमेश लुइटेल तथा शिक्षण अभ्यासका समिति स्नातक र स्नातकोत्तरका प्रमुख उपप्राध्यापक शेषराज अधिकारी तथा मानबहादुर भण्डारीको उपस्थिति रहेको थियो ।



*बैठकमा छलफल गर्नुहुँदै सहभागिहरू ।*

कार्यक्रममा यस क्याम्पसले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलापहरू गुणस्तरीय ढङ्गले सम्पादन गर्नका लागि क्याम्पसका विभागहरूले निर्वाह गर्नुपर्ने जिम्मेवारी र कार्यहरूको विषयहरूमा छलफल गरिएको थियो भने सम्पूर्ण विभागीय प्रमुखद्वारा आ-आफ्नो विभागको कार्य प्रगतिको समिक्षा पनि गरिएको थियो ।

## वनभोज कार्यक्रम सम्पन्न

ध.ब.क्या., मङ्सिर १३ गते ।

धनकुटा जिल्लाको लेउती खोलाको किनारामा धनकुटा बहुमुखी क्याम्पसका प्राध्यापक र कर्मचारीहरूको संयुक्त वनभोज कार्यक्रम सम्पन्न भएको छ । धनकुटा बहुमुखी क्याम्पसमा कार्यरत सम्पूर्ण प्राध्यापकहरूबीच आत्मीयता वृद्धि र मनोरञ्जन गर्ने, प्राध्यापकहरू र कर्मचारीहरूबीच पनि सम्बन्ध वृद्धि गर्ने उद्देश्यले सो वनभोज कार्यक्रमको आयोजना गरिएको थियो । उक्त वनभोज कार्यक्रम अत्यन्तै मनोरञ्जनात्मक र फलदायी भएको कुरा वनभोजमा सहभागी हुनु भएका क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले वताउँनुभयो ।



*बनभोज कार्यक्रममा सहभागीहरू सामुहिक फोटो खिचाउनुहुँदै ।*

## सचेतना कार्यक्रम सम्पन्न

ध.ब.क्या., मङ्सिर १७ गते ।

धनकुटा बहुमुखी क्याम्पसको सहकार्यमा महिला मानव अधिकार रक्षक सञ्चाल, नेपाल र सामुदायकि विकास मञ्च, नेपालको संयुक्त आयोजनामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्र्तगत यस क्याम्पसको व्यवस्थापन सङ्कायमा अध्ययनरत विद्यार्थीहरूको लागि एकदिने लैङ्गिक हिंसा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो । लैङ्गिक हिंसालाई न्यूनीकरण गर्न र हाम्रो समाजमा हुने लैङ्गिक हिंसा जन्य कार्यको पहिचान गरी त्यस विषयमा नेपालको प्रचलित कानूनमा गरिएको कानूनी व्यवस्थाहरूको बारेमा जानकारी दिने उद्देश्य रहेको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथिमा यस क्याम्पसका क्याम्पस प्रमुख सहप्राध्यापक होम बहादुर बस्नेत, अन्य अतिथिहरूमा विद्यार्थी कल्याण प्रमुख उपप्राध्यापक काशिनाथ कट्टेल, शिक्षण सहायक उद्वव कटुवाल र सामुदायकि वन उपभोक्ता संघ धनकुटाका अध्यक्ष नीलबहादुर थापाको पनि उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष सुमना तिम्सिना, संस्थाको सदस्य सङगीता चापागाई र कोपिला शंकरले लैङ्गिक हिंसाको विभिन्न प्रकारहरू हुने कुरा बताउँदै किशोरीहरूका लागि डिजिटल हिंसाका बारेमा यसै कार्यक्रममा प्रशिक्षित गर्नु भएको थियो भने सामुदायिक विकास मञ्चको प्रशिक्षक केदारप्रसाद दाहालले लैङ्गिक हिंसाको कानूनी पक्षको बारेमा प्रशिक्षण दिनु भएको थियो ।



*लैङ्गिक हिंसा विरुद्धको अभियान कार्यक्रममा सहभागिहरू ।*

## तालिम कार्यक्रम सम्पन्न

ध.ब.क्या., पौष ६ गते ।

अनुसन्धान व्यवस्थापन इकाई, धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको आयोजनामा GIS & REMOTE SENSING सम्बन्धी चारदिने तालिम सम्पन्न भएको छ । पौष ३ गते देखि ६ गते सम्म सञ्चालित उक्त तालिम कार्यक्रमको उद्घाटन कार्यक्रम RMC संजोजक उपप्राध्यापक झनकबहादुर गुरुङ्गको अध्यक्षतामा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रममा क्याम्पस प्रमुख बस्नेतले क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूको प्राज्ञिक क्षमता र सिप विकासका लागि यो तालिम धैरै उपयोगी हुनेछ भन्नुभयो । भूगोल ताथ राजनीतिशास्त्र विभागका विभागीय प्रमुख उपप्राध्यापक जनार्दन घिमिरेले GIS का विषयहरू भूगोल विषयका विद्यार्थीको मात्र चासोको विषय नभएर अब आम चासोको विषय बन्न गएको छ । तालिमका सहभागिहरूले आफ्नो व्यावहारिक जीवनमा समेत यसको प्रयोगबाट धैरै लाभ लिनसक्ने कुराको जानकारी गराउनु भयो ।



*तालिममा सहभागि प्राध्यापकहरूलाई प्रशिक्षण दिनुहुँदै विषय विज्ञ तथा उपप्राध्यापक दया सागर सुवेदी ।*

तालिम कार्यक्रममा यस क्याम्पसमा रहेका विभिन्न सङ्काय अन्तर्गत विभिन्न वियषका २१ जना प्राध्यापकहरूको सहभागिता रहेको थियो । तालिममा GIS & REMOTE SENSING सम्बन्धी विषयमा यस क्याम्पसका उपप्राध्यापक

तथा विपष विज्ञ झनकबहादुर गुरुङ्ग र उपप्राध्यापक तथा विषय विज्ञ दयासागर सुवेदीले सहभागीहरूलाई प्रशिक्षित गर्नु भएको थियो।

## BBA तर्फको स्वातग कार्यक्रम सम्पन्न

ध.ब.क्या. माघ १९ गते।

त्रि.वि धनकुटा बहुमुखी क्याम्पस, व्यवस्थापन सङ्कायको स्नातक तह BBA प्रथम सेमेस्टरका विद्यार्थीहरूको लागि स्वागत कार्यक्रम सम्पन्न भयो। यस क्याम्पसका व्यवस्थापन सङ्काय BBA कार्यक्रमको आयोजनामा सम्पन्न उक्त कार्यक्रम यसै कार्यक्रमका निर्देशक शिक्षण सहायक सन्तोष श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो। कार्यक्रममा प्रमुख अतिथि रहनुभएका क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्तेतले क्याम्पसका प्रशासनिक क्षेत्रमा विद्यार्थीले पालना गर्नुपर्ने कामकाजका विषयमा जानकारी गराउनु भयो। सो कार्यक्रममा BBA मा अध्ययनरत विद्यार्थीहरूले विभिन्न गीत तथा नृत्य प्रस्तुति समेत गरेका थिए। कार्यक्रममा उपप्राध्यापक सुभेच्छा राई, शि.स. रमेश घिमिरे, शि.स. चिरञ्जीवी भट्टराई, विज्ञ शिक्षक इन्द्र पौडेल समेतको उपस्थिति रहेको थियो।



*कार्यक्रममा नृत्य प्रस्तत गर्दै विद्यार्थीहरू।*

## अनुगमन निर्देशनालयबाट अनुगमन सम्पन्न

ध.ब.क्या., फागुन २९ गते


*कार्यक्रममा अनुगमन सदस्यहरूलाई स्वागत गर्नुहुँदै क्याम्पस प्रमुख सहप्राध्यापक हो बहादुर बस्नेत।*

त्रि. वि. अनुगमन निर्देशनालय सदस्य उपप्राध्यापक अर्जुनबिक्रम खड्का र उपप्राध्यापक डा. खगेन्द्र बराइलीबाट यस क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यको अनुगमन गर्ने कार्य सम्पन्न भयो। अनुगमनपछि सम्पन्न भएको अन्तर्क्रियात्मक कार्यक्रम क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा सहायक क्याम्पस प्रमुख उपप्राध्यापक कृष्णगोविन्द अधिकारीले सञ्चालन गर्नुभयो। अन्तर्क्रियामा यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूले आ-आफ्ना विषयक्षेत्रमा देखिएका र भोग्नुपरेका समस्याहरूलाई उजागर गर्नुभएको थियो। कतिपय स्पष्ट नभएका विषयहरूमा अनुगमनको नेतृत्व गर्ने अर्जुनविक्रम खड्काले प्रकाश पार्नु भएको थियो भने कतिपय समस्यहरूभने प्रतिवेदनमा समावेश गरी विश्वविद्यालयमा बुझाउने र आगमी दिनमा केही संम्बोधन हुनसक्ने आश्वासन दिनुभयो। कार्यक्रममा यस क्याम्पसको विभागीय प्रमुखहरू, प्राध्यापकहरू तथा कर्मचारीहरू गरी २४ जनाको उपस्थिति रहेको थियो।

## असिनापानी र हावाहुरीले पुऱ्याएको क्षति

ध.ब.क्या., चैत्र ३ गते।

कोशी प्रदेशको पहाडी क्षेत्रमा हिजो राती ८:००-९:३० सम्म आएको हावाहुरीका कारण यस धनकुटा बहुमुखी क्याम्पसमा करिव रु.२० लाख बराबरको क्षति पुगेको छ। सो हावीहुरीको कारण यस क्याम्पसको पुस्तकालय भवनमा पूर्ण क्षति पुगेको छ भने साविक चमेना गृह, क्याम्पस प्रमुखको कार्यकक्ष, CMA क्वाटर तर्फको गार्ड हाउस लगायत अन्य केही शैक्षिक तथा प्रशासनिक भवनहरूमा समेत आंशिक क्षति पुगेको छ। हावाहुरीको कारण यस क्याम्पसको छात्राबासमा रहेका रूखहरू ढलेर तारहरूमा केही क्षति पुगेको छ।

हावाहुरीले पुस्तकालयको छाना पूर्ण रुपमा उडाएर लगेको छ जसको कारण पुस्तकालयमा रहेका करिव २०० थान पुस्तक पानीले भिजी प्रयोग गर्न अयोग्य भएको कुरा पुस्तकालय तथा प्रयोगशाला समितिको संयोजक उपप्राध्यापक डा. श्यामप्रसाद वाग्लेले बताउनु भयो। पुस्तकालयमा क्षति पुगेकाले बाँकी पुस्तकलाई क्याम्पस पदाधिकारी, प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले नवनिर्मित बहुतले कक्षाकोठा भवनमा सारी पुस्तकालय सेवा सुचारू गरिने कुरा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले जानकारी गराउनु भयो।


*क्षतिग्रस्त पुस्तकालयको छाना।*


*क्षतिग्रस्त पुस्तकालयबाट अर्को भवनमा पुस्तकहरू सार्दै विद्यार्थीहरू।*

## कार्यशाला गोष्ठी सम्पन्न

ध.ब.क्या., चैत्र ८ गते।

यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूका लागि अनुसन्धानमूलक लेख लेखन तथा लघु अनुसन्धान प्रतिवेदन लेखनसम्बन्धी तीनदिने कार्यशाला गोष्ठी सम्पन्न भयो। अनुसन्धान व्यवस्थापन एकाइ (RMC), धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको आयोजनामा सञ्चालित उक्त कार्यक्रमको पहिलो दिनको उद्घाटन कार्यक्रम RMC का संयोजक उपप्राध्यापक झमकबहादुर गुरुङ्गको अध्यक्षतामा र क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। २७ जना सहभागीता रहेको यस कार्यक्रमको सञ्चालन RMC का सदस्य उपप्राध्यापक स्वागत नेपालले सञ्चालन गर्नु भएको थियो।


*कार्यशालामा प्रशिक्षण दिनुहुँदै विशेषज्ञ प्रा. डा. बासुदेव काफ्ले र विशेषज्ञ प्रा.डा. पेशल खनाल।*

कार्यशालाको पहिलो दिन विशेषज्ञ प्रा. डा. केशव अधिकारी र विज्ञ सहप्रा.डा. रमेशबाबु काफ्लेले परिमाणात्मक र गुणात्मक अनुसन्धानका बारेमा सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासद्वारा प्रशिक्षण गराउनुभएको थियो। कार्यशालाको दोस्रो दिन र तेस्रो दिन विशेषज्ञ प्रा. डा. बासुदेव काफ्ले र विशेषज्ञ प्रा.डा. पेशल खनालले परिमाणात्मक र गुणात्मक अनुसन्धानको बारेमा प्रयोगात्मक अभ्यासद्वारा प्रशिक्षण गराउनुभएको थियो। कार्यशालामा क्याम्पसका विभिन्न विषय प्राध्यापन गर्ने प्राध्यापकहरूको सहभागिता रहेको थियो। कार्यशालाको अन्तिम दिनमा समापन कार्यक्रम औपचारिक रुपमा सञ्चालन गरिएको थियो। यस अवसरमा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहँदै

कार्यशाला फलदायी भएको र क्याम्पसबाट प्रकाशित गरिने जर्नलहरूमा अवका दिनदेखि कुनैपनि लेख रचनाहरूको कमी हुने छैन भन्ने विश्वास व्यक्त गर्नु भयो।

## रूख व्यवस्थापन

ध.ब.क्या. चैत्र ८ गते।



*जोखिम युक्त रूख कटान गरिदै।*

चैत्र २ गते आएको हावाहुरीको कारण यस क्याम्पसको क्षेत्रभित्र रहेको विभिन्न जातका रूखहरू जोखिमयुक्त भएकोले र सो रूखबाट भविष्यमा हुनसक्ने मानवीय तथा भौतिक संरचनामा क्षती पुऱ्याउनसक्ने हुनाले त्यस्ता रूखहरू कटान गर्नुपर्ने मूल्याङ्कन भएकाले जिल्ला वन कार्यालय र डिभिजन वन कार्यालय, धनकुटासँग समन्वय गरी कटान स्वीकृति लिई टाका लगाएका रूखहरू कटान गरी व्यवस्थापन गर्ने निर्णय अनुरूप रूखहरू कटान गरिएका कुरा क्याम्पस प्रमुखले जनाउनु भयो।

## खेलकुद कार्यक्रम सम्पन्न

ध.ब.क्या., चैत्र ८ गते।

धनकुटा बहुमुखी क्याम्पस धनकुटा विद्यार्थी कल्याण समिति र स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त आयोजनामा सञ्चालित तीनदिने खेलकुद कार्यक्रम विद्यार्थी कल्याण प्रमुख उपप्राध्यापक काशीनाथ कट्टेलको अध्यक्षतामा सम्पन्न भयो। क्याम्पस प्रमुख प्रमुख अतिथि रहनुभएको यो कार्यक्रमको उद्घाटन डोरी तानेर क्याम्पस प्रमुखले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन स्वविवि अध्यक्ष युवा तिम्सिनाले गर्नुभएको थियो।

उक्त खेलकुद कार्यक्रममा डोरी तान्ने, हाई जम्प, लङ जम्प, सर्ट फुट, चेश, छात्र तथा छात्रा भलिवल, म्याराथुम खेल समावेस गरिएको थियो। कार्यक्रमको पहिलो दिन डोरी तान्ने, लङ जम्प र सर्ट फुटको खेल सम्पन्न भएका थिए। दोस्रो दिन पुरुष र महिलातर्फ high jump , चेस र महिला र पुरुष तर्फका भलिबल खेलहरू सम्पन्न भएका थिए। भलिबलका फाइनल खेलहरू अन्तिम दिन विहान म्याराथुम दौड र दिउसो भलिवलको फाइनल सम्पन्न भएका थिए। यी खेलहरूको विजेताहरूको घोषना र पुरस्कार तथा प्रमाणपत्रको वितरण आमामी दिन गरिने छ भन्ने कुरा वि.क.प्रमुखले वताउनु भयो।



*कार्यक्रममा भलिवल खेल सञ्चालन हुँदै।*

## अन्तर्क्रिया कार्यक्रम सम्पन्न

ध.ब.क्या., चैत्र १२ गते।

CERID को आयोजनामा National prority research अन्तर्गत एकदिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। अनुसन्धान व्यवस्थापन इकाई, धनकुटा बहुमुखी क्याम्पसको हलमा सञ्चालित उक्त कार्यक्रममा धनकुटा जिल्लाका महालक्ष्मी नगरपालिका र धनकुटा नगरपालिकाका प्रमुख र उपप्रमुख, विभिन्न विद्यालयहरूको प्रधानाध्यपक र धनकुटा क्याम्पसका प्राध्यापकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा क्याम्पस प्रमुख सहप्राध्यापक होमबहादुर बस्नेतले धनकुटा जिल्लाको शिक्षा क्षेत्रमा धनकुटा बहुमुखी क्याम्पसको भूमिका र अन्य निकाय बीचको सह सम्बन्धका बारेमा प्रकाश पार्नुहुँदै सबैलाई स्वागत गर्नु भएको थियो। उच्च शिक्षामा विभिन्न निकायहरू बीच हुनुपर्ने सम्बन्धको बारेमा र पुऱ्याउन सक्ने योगदानको बारेमा अन्तर्क्रिया गरिएको थियो।



*अन्तर्क्रिया कार्यक्रममा सहभागिहरू छलफल गर्नुहुँदै।*

## बिदाई कार्यक्रम सम्पन्न

ध.ब.क्या., चैत्र १५ गते।




*मायाको चिनो लिदै BBA eight semester को विद्यार्थीहरू।*

धनकुटा बहुमुखी क्याम्पस, व्यवस्थापन सङ्कायको BBA कार्यक्रमको आयोजनामा BBA eight semester को विद्यार्थीहरूलाई बिदाई कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रम अन्य समेष्टरका विद्यार्थीहरूले आयोजना गरेको सो कार्यक्रममा प्रमुख अतिथिमा स.क्या.प्रमुख कृष्णगोविन्द अधिकारी, वि.क.प्रमुख काशीनाथ कट्टेल, उपप्राध्यापक शुभेच्छा राई, कार्यक्रम निर्देशक शि.स. सन्तोष श्रेष्ठ, शि.स. चिरञ्जीवी भट्टराई लगायत ५२ जना विद्यार्थीको उपस्थिति रहेको थियो।

## Student Quality Circle (SQC) गठन

ध.ब.क्या., चैत्र २४ गते।

धनकुटा बहुमुखी क्याम्पसमा Student Quality Circle (SQC) गठन भएको छ।

शिक्षण सिकाइमा पृष्ठपोषण दिन, विद्यार्थी क्रियाकलाप सञ्चालन लगायतका काम गर्नका लागि यस SQC को गठन भयो। स्नातक तहको BEd प्रथम वर्षमा अध्ययनरत मनिष थापा को अध्यक्षतामा गठन गरिएको SQC मा BEd प्रथमका विवश राई, दुर्गा ओझा, भूमिका कार्की, रेजिना परियार र गीता विश्वकर्मा, BEd दोस्रो वर्षका वर्ष राई र सनम राई, BEd तेस्रो वर्षका लक्ष्मी श्रेष्ठ र श्रद्धा राई, स्नातक BSC बाट विधि लिम्बू र एलिन सुन्दास, व्यवस्थापन सङ्कायबाट रविन खनाल, ममता अधिकारी र सञ्जला माझी, मानविकी सङ्कायबाट सुमना बास्तोला र आयुषा थापा र BBA बाट हिमानी रायामाझी र नासिम दाहाल रहनु भएको छ। SQC गठन गर्ने कार्यमा स्वविवु अध्यक्ष युवा तिम्सिना, सचिव मिलन बुढाथोकी लगायत क्याम्पस पदाधिकारीज्युहरुले सहयोग पुऱ्याउनु भएको थियो।



*SQC पदाधिकारी तथा सदस्यहरूको साथमा स.क्या.प्रमुख उपप्राध्यापक कृष्णगोविन्द अधिकारी र स.क्या. प्रमुख उपप्राध्यापक डा. श्या प्रसाद वाग्ले।*


**प्रकाशक**

**धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**

**इ-मेल : dktcampus@gmail.com**

**वेबसाइट: www.dhmc.tu.edu.np**

**सम्पादन मण्डल**

**संयोजक:**

**उपप्राध्यापक कृष्ण गोविन्द अधिकारी**

**सदस्य:**

**शिक्षण सहायक श्री उद्धव कटुवाल**

**शिक्षण सहायक श्री रमेश श्रेष्ठ**